नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

तथा

प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत

एवम्

## बाँफिकोट गाउँपालिका

बाँफिकोट, रुकुम पश्चिम, कर्णाली प्रदेश

बीच

# प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम

कार्यान्वयनका लागि गरिएको

# समझदारी–पत्र

धर्मबहादुर के.सी.
अध्यक्ष

चैत्र, २०७७

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय एवम् बाँफिकोट गाउँपालिका बीच प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम तल उल्लिखित शर्त एवम् व्यवस्थाका अधीनमा रही बाँफिकोट गाउँपालिकाको माछिमी-गाराघाट-छिनखेत हुदै बाँफिकोट सडक आयोजना कार्यान्वयनका लागि यो समझदारी-पत्रमा हस्ताक्षर गरेका छौं।

## समझदारी–पत्र

१. यो समझदारी पत्रको कार्यक्षेत्र "प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" बमोजिम **बाँफिकोट गाउँपालिकाको माछिमी-गाराघाट-छिनखेत हुदै बाँफिकोट** आयोजना कार्यान्वयनमा सीमित रहने छ।

२. बुँदा नं. १ अन्तर्गत रही समझदारी पत्रमा हस्ताक्षर गर्ने निकायहरुको जिम्मेवारी देहाय बमोजिम हुनेछः

२.१ नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(क) आयोजनाको लागि उपलब्ध गराउनुपर्ने बजेट वार्षिक कार्यक्रम मार्फत सुनिश्चित गर्ने,

(ख) आयोजना स्वीकृत गर्ने तथा स्वीकृत आयोजना कार्यान्वयन गर्ने,

(ग) आयोजनाको गुणस्तर कायम गर्न आवश्यक पर्ने मापदण्ड, नर्म्स, स्पेशिफिकेशन तयार गरी लागू गर्ने,

(घ) कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने तथा सोको समीक्षा गर्ने,

(च) कार्यक्रमको एकीकृत लेखा तथा आर्थिक विवरण तयार गर्ने गराउने,

(छ) निर्माण सम्पन्न भएको आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्ने,

(ज) प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा नेपाल सरकारले पूरा गर्नु पर्ने भनी तोकिएका अन्य कार्यहरु गर्ने।

२.२ प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय

(क) गाउँपालिकाबाट पहिचान भई आएका आयोजनाको छनौट, जग्गा प्राप्ति तथा कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) आयोजनाको लागि उपलब्ध गराउनु पर्ने बजेट वार्षिक कार्यक्रम मार्फत सुनिश्चित गर्ने,

(ग) आयोजनाका लागि लागत साझेदारी वापत व्यहोर्नु पर्ने रकम कार्यविधि बमोजिम समयमै उपलब्ध गराउने,

(घ) आयोजनाको अनुगमन तथा मुल्याङ्कन गर्ने,

(ङ) निर्माण सम्पन्न भई हस्तान्तरण भएका सडकको मर्मत सम्भार गर्ने,

(च) प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा प्रदेश सरकारले पूरा गर्नु पर्ने भनी तोकिएका अन्य कार्यहरु गर्ने ।

२.३ गाउँपालिका

(क) कार्यविधि बमोजिम आयोजना पहिचान गरी पठाउने,

(ख) सडक अधिकार क्षेत्रभित्र पर्ने जग्गा उपलब्ध गराउने,

(ग) आयोजनाको लागि उपलब्ध गराउनुपर्ने बजेट वार्षिक कार्यक्रम मार्फत सुनिश्चित गर्ने,

(घ) आयोजनाका लागि लागत साझेदारी वापत व्यहोर्नु पर्ने रकम कार्यविधि बमोजिम समयमै उपलब्ध गराउने,

(ङ) कार्यान्वयनमा रहेका आयोजनाको अनुगमन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(छ) निर्माण सम्पन्न भई हस्तान्तरण भएका सडकको मर्मत सम्भार गर्ने,

(ज) प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा गाउँपालिकाले पूरा गर्नु पर्ने भनी तोकिएका अन्य कार्यहरु गर्ने।

३.० सडक प्राविधिक, वातावरणीय, व्यवस्थापकिय, दोहोरोपना तथा अन्य कारणले परिवर्तन गर्नु पर्ने अवस्थामा सडक योजना परिवर्तन हुन सक्नेछ ।

| सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट | प्रदेश सरकारको तर्फबाट | गाउँपालिकाको तर्फबाट |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| नामः अमृत श्रेष्ठ<br>पदः कार्यालय प्रमुख<br>कार्यालयः स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, कर्णाली प्रदेश, सुर्खेत। | नामः गोपाल शर्मा<br>पदः सि. डि. ई.<br>कार्यालयः भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत। | नामः धर्म बहादुर के.सी.<br>पदः अध्यक्ष<br>कार्यालयः बाँफिकोट गाउँपालिका बाँफिकोट, रुकुम पश्चिम। |

इति सम्वत् २०७७ साल चैत्र महिना १ गते १ रोज शुभम्।